# येशू ख्रीष्टको सुसमाचार





# येशू ख्रीष्टको सुसमाचार के हो ?

येशू ख्रीष्टको सुसमाचार परमेश्वरका सन्तानहरूको खुसी र मुक्तिका लागि उहाँको योजना हो । यसलाई येशू ख्रीष्टको सुसमाचार भनिन्छ किनभने येशू ख्रीष्टको प्रायश्चित्त यस योजनाको केन्द्रमा रहेको छ । उहाँको योजना अनुरूप, हाम्रा परमेश्वर पिताले उहाँका पुत्र येशू ख्रीष्टलाई हामीलाई कसरी अर्थपूर्ण र खुसी जीवन जिउन र यो जीवनपछि अनन्त खुसी अनुभव गर्ने भन्ने देखाउन यो पृथ्वीमा पठाउनुभयो । येशू ख्रीष्टको कृपा र दयाले तपाईं पापबाट मुक्त हुन सक्नुहुन्छ र अन्तरात्माको शान्ति प्राप्त गर्नुहुनेछ । तपाईं यो जीवनपछि परमेश्वर पिताको सामिप्यमा बस्न योग्य हुनुहुनेछ ।

यो शान्ति र शक्ति प्राप्त गर्न, तपाईंले सुसमाचारका सिद्धान्तहरू र विधिहरू सिकेर पालना गर्नुपर्छ । सिद्धान्त त्यो सत्य हो जुन जीवनमा प्रयोग गर्न सकिन्छ; विधि एक पवित्र, औपचारिक कार्य हो जसलाई पादरित्वको अधिकारले सम्पन्न गरिन्छ र यो प्राय:जसो परमेश्वर पितासँग करारमा बाँधिने एक माध्यम हो । सुसमाचारका पहिला सिद्धान्तहरू आस्था र पश्चात्ताप हुन् । सुसमाचारका पहिला विधिहरू बप्तिस्मा र पवित्र आत्मा प्राप्त गर्नु हो ।

*तपाईंले येशू ख्रीष्टको सुसमाचार यसरी पालना गर्न सक्नुहुनेछः*

- *येशू ख्रीष्टमा आस्था विकास गर्ने ।*
- *पश्चात्ताप गर्ने ।*
- *बप्तिस्मा लिएर र पवित्र आत्मा प्राप्त गरेर ।*
- *अन्तिम समयसम्म आस्थावान ।*

तपाईंले सुसमाचारका पहिला सिद्धान्तहरू र विधिहरू सिकेर पालना गरेपछि, तपाईंले तपाईंको जीवनका बाँकी समय ख्रीष्टको उदाहरणको अनुसरण गर्ने चेस्टा गर्नुहुनेछ । यो विश्वसनीयताको निरन्तरतालाई "अन्तिम समयसम्म आस्थावान् भनिन्छ ।"

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*येशू ख्रीष्टका शिक्षाहरू र प्रायश्चित्त उहाँको सुसमाचारको केन्द्रमा पर्छ ।*

## येशू ख्रीष्टमा आस्था

आस्था एउटा बलियो विश्वास हो जसले कुनै व्यक्तिलाई कार्य गर्न प्रेरणा दिन्छ। आस्था जसले क्षमापनतर्फ लैजान्छ त्यो येशू ख्रीष्टमा केन्द्रित हुन्छ, जसको प्रायश्चित्तले क्षमापनलाई सम्भव बनाउँछ। येशू ख्रीष्टमा आस्था उहाँप्रति निष्क्रिय विश्वासभन्दा पनि बढी हो। यसको अर्थ उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ र उहाँ तपाईंका पापहरू, कष्टहरू र कमजोरीहरूका लागि कष्ट भोगनु भएको छ भन्ने विश्वास गर्नु हो। यसको अर्थ त्यो आस्थालाई कार्यमा बदल्नु हो। येशू ख्रीष्टमा आस्थाले तपाईंलाई उहाँलाई माया गर्न, उहाँमा भरोसा गर्न, उहाँका आज्ञाहरू पालना गर्ने गराउँछ।

> *"आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख र आफ्नै समझदारीमा भर नपर।*
>
> *"तपाईंका सारा काममा उहाँका हातलाई स्वीकार र उहाँले तपाईंका मार्गहरू निर्देशन गर्नुहुनेछ।"*
>
> **हितोपदेश ३:५–६**

## पश्चात्ताप

येशू ख्रीष्टमा आस्थाले तपाईंलाई सधैंको लागि आफ्नो जीवन राम्रो बनाउने चाहनातर्फ लैजान्छ। जब तपाईं सुसमाचार पढ्नुहुन्छ तपाईं थाहा पाउनु हुन्छ कि तपाईंले पाप गर्नुभएको छ वा परमेश्वरको इच्छा र शिक्षा विपरीत कार्य गरेको छु भन्ने।

**आफुले** पाप गरेको छु भनेर स्वीकार गर्नुहोस् र आफुले गरेको कामप्रति इमान्दारीपूर्वक पश्चात्ताप गनुहोस्।

**गलत** काम गर्न रोकिदिनुहोस् र त्यो कहिल्यै नगर्ने कोसिस गर्नुहोस्।

**आफ्ना** पापहरू परमेश्वरसामु स्वीकार गर्नुहोस् र क्षमायाचना गर्नुहोस्। त्यसो गर्नाले एउटा ठूलो बोझ हट्ने छ। यदि तपाईंले अरू व्यक्तिप्रति पाप गर्नुभएको छ भने तपाईं त्यो व्यक्तिसँग माफी माग्नुहुनेछ।

*येशू ख्रीष्टमा आस्था सुसमाचारको पहिलो सिद्धान्त हो।*





**पुनर्स्थापना गर्ने ।** तपाईँको कार्यले सिर्जिएका सबै समस्याहरू सुधार्न सक्दो प्रयास गर्ने ।

**आज्ञाहरू पालना गर्ने ।** परमेश्वरका आज्ञाहरू पालना गर्दा सुसमाचारको शक्ति तपाईँको जीवनमा आउँछ । सुसमाचारले तपाईँलाई पापहरू परित्याग गर्न शक्ति दिनेछ । आज्ञाहरू पालना गर्नेमा सेवा गर्ने, अरूलाई माफ गर्नु, र चर्चका भेलाहरूमा सहभागी हुनु ।

**मुक्तिदातालाई स्वीकार गर्ने ।** पश्चात्तापको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको येशू ख्रीष्टका कारण क्षमापन आउँछ भन्ने थाहा पाउनु हो । कहिले काहीँ तपाईँलाई परमेश्वरले गम्भीर पापहरूलाई माफ गर्नुहुन्न जस्तो लागेको थियो होला । मुक्तिदाताले हाम्रा पापहरूका लागि कष्ट भोग्नुभयो ताकि तिनीहरूलाई हाम्रा पछाडि छोड्न सकौँ, गम्भीर पापहरू समेत । सच्चा पश्चात्तापको प्रतिफल भनेको क्षमापन, शान्ति, सान्त्वना र खुसी हो ।

*हामी सबैले गल्ती गर्छौं । कहिलेकाहीं आफूलाई हानि पुऱ्याउछौं र अरूलाई गहिरो चोट दिन्छौं कि हामी आफैं मात्रले त्यसलाई सच्याउन सक्दैनौं । हामी आफैले मात्रले जोडन नसक्ने चिजलाई हामीले तोडछौं । त्यसपछि हामी दोषी, मान हानि, र पीडा महसुस गर्छौं जुन हामी आफैंले निको पार्न सक्दैनौं । हामीले सच्याउन नसक्नेलाई प्रायश्चित्तको शक्तिले औषधिको काम गर्छ ।*

पश्चात्तापको अर्थ जहिले पनि ठूला परिवर्तन गर्नु होइन । प्रायःजसो यो साधारणतया परमेश्वरको इच्छा अनुसार जिउने थप प्रतिवद्धता चाहिन्छ । सत्य पश्चात्ताप कहिल्यै पनि जाडो हुँदैन । तपाईँले सत्य कुरा गर्ने र आफुले गरेका गल्तीहरू सच्याउने प्रयासमा आफैँप्रति धैरै गर्नुहोस् । जब तपाईँले पश्चात्ताप गर्नुहुन्छ  तपाईँले हृदयको परिवर्तन देख्नुहुन्छ । तपाईँले पाप गर्ने इच्छा गर्नुहुने छैन । तपाईँले तपाईँ परमेश्वरका सन्तान हुनुहुन्छ भन्ने थाहा पाउनुहुनेछ र तपाईँ त्यही गल्ती बारम्बार गर्नु आवश्यक छैन । परमेश्वरलाई पच्छ्याउने तपाईँको चाहना अझ मजबुत र गहिरो हुनेछ ।

## बप्तिस्मा र पवित्र आत्मा

येशू ख्रीष्टमा आस्था र पश्चात्तापले बप्तिस्मा र पवित्र आत्मा प्राप्त गर्न सहयोग गर्छ । येशू ख्रीष्टले सिकाउनुभयो कि पापहरूबाट क्षमा पाउन सबैले पानीको र आत्माको (पवित्र आत्मा) बप्तिस्मा लिनुपर्छ । पादरित्व अधिकार प्राप्त व्यक्तिद्वारा बप्तिस्मा लिएर र पवित्र आत्मा प्राप्त गरेर तपाईं आत्मिक रुपमा पुनः जन्म लिनुहुनेछ ।

### मैले किन बाप्तिस्मा लिनुपर्छ ?

येशू ख्रीष्टले "सबै पवित्रता पूरा गर्नका लागि" (मत्ती ३:१५) बप्तिस्मा लिएर हामी सबैलाई उदाहरण दिनुभएको छ । जब तपाईं बप्तिस्मा लिनुहुन्छ, तपाईंले आफ्ना पापहरूको क्षमा पाउनुहुनेछ (प्रेरित २:३८) । तपाईं परमेश्वरसँग एक करार वा वाचा गर्नुहुन्छ । तपाईं येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रुपमा स्वीकार गरी उहाँलाई पच्छ्याउने र उहाँका आज्ञाहरू पालना गर्ने वाचा गर्नुहुन्छ । यदि तपाईंले आफ्नो भाग पूरा गर्नुभयो भने परमेश्वरले तपाईंका पापहरू क्षमा दिने वाचा गर्नुहुन्छ । जब तपाईं सही अधिकारद्वारा बप्तिस्मा लिनुहुन्छ, तपाईंका पापहरू पखालिन्छन् ।

> *येशू ख्रीष्टले उत्तर दिनुभयो, "म तिमीहरूलाई भन्छु कि यदि कुनै व्यक्ति पानी र आत्माद्वारा जन्म लिँदैन भने, ऊ परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैन् ।"*
>
> **यूहन्ना ३:५**

बप्तिस्मामा केही समय पानीमा डुबाइन्छ । यसैगरी येशू ख्रीष्टले पनि बप्तिस्मा लिनुभएको हो । पानीमा डुबुल्कीमारीकन लिएको बप्तिस्माले येशू ख्रीष्टको मृत्यु, दफन, र पुनरुत्थानलाई सङ्केत गर्छ । यसले तपाईंको पुरानो जीवनको अन्त्य र येशू ख्रीष्टका चेलाका रूपमा नयाँ जीवनको सुरुवातको प्रतिनिधित्व गर्छ ।

### मैले किन पवित्र आत्मा प्राप्त गर्नुपर्छ ?

बप्तिस्माले तपाईंका पापहरूलाई पखालिदिन्छ भने पवित्र आत्माले तपाईंलाई पवित्र पार्ने काम गर्छ । यदि तपाईं आफ्ना बप्तिस्माका करारहरूप्रति सच्चा रहनुभयो भने तपाईंले पवित्र आत्माको सधैं साथ पाउनुहुन्छ । सबै असल व्यक्तिले पवित्र आत्माको महसुस गर्छन् तर

*येशु ख्रीष्तलाई यूहन्ना बाप्तिस्ले बप्तिस्मा दिनुभएको हो ।*



बप्तिस्मा लिएका र पवित्र आत्मा प्राप्त गरेकाले मात्र जिन्दगीभरका लागि उहाँको निरन्तर साथ पाउँछन् ।

पवित्र आत्माले सत्य पत्ता लगाउन र बुझ्न तपाईंलाई सहयोग गर्छ । उहाँले आत्मिक शक्ति र प्रेरणा दिनुहुन्छ । उहाँले तपाईंलाई असहज समयमा शान्त्वना दिनुहुन्छ र निर्णय गर्न तपाईंलाई सहयोग गर्नुहुन्छ । तपाईंले पवित्र आत्माद्वारा तपाईंको दैनिक जीवनमा परमेश्वरको माया र प्रभावको अनुभव गर्न सक्नुहुन्छ ।

*तपाईं पवित्र आत्माद्वारा पढाइन र निर्देशित हुन सक्नुहुन्छ । "त्यो शान्त्वना दिने पवित्र आत्मा हो, जसलाई मेरा पिताले मेरा नाममा पठाउन सक्नुहुनेछ, उहाँले सबै कुरा तपाईंलाई सिकाउनुहुनेछ, मैले भनेका सबै कुरा तपाईंको यादमा ल्याइदिनुहुनेछ ।"*

**यूहन्ना १४:२६**

तपाईंको यो स्वर्गीय उपहारको आनन्द लिने क्षमता तपाईंको परमेश्वरका आज्ञाहरूप्रतिको आज्ञाकारितामा भर पर्छ । परमेश्वरका शिक्षाअनुसार नजिउने व्यक्तिहरूसँग पवित्र आत्मा रहन सक्दैन । उनीहरूले उहाँको सहयोग र प्रेरणाको सौभाग्य गुमाउँछन् । सधैं पवित्र आत्माको साथ र निर्देशनको योग्य हुने प्रयास गर्नुहोस् ।

तपाईंले बप्तिस्मापछि पवित्र आत्मा प्राप्त गर्नुहुन्छ । एउटा प्रमाणीकरण भन्ने विधिमा, एकजना वा सोभन्दा बढी आधिकारिक पादरित्व प्राप्त व्यक्तिहरूले शिरमा हातहरू राख्नुहुन्छ । उहाँहरूले तपाईंलाई चर्चको सदस्य भएको प्रमाणित गर्नुहुन्छ र तपाईंलाई पवित्र आत्मा प्राप्त गर्न आशीषित गर्नुहुन्छ । यो विधि सामान्य रुपले बप्तिस्माको लगत्तै चर्चको कुनै सभामा गरिन्छ । जब तपाईं बप्तिस्मा लिनुहुन्छ र चर्चको सदस्य प्रमाणित हुनुहुन्छ, तपाईं पछिल्ला दिनका सन्तहरूका येशू ख्रीष्टको चर्चको सदस्य बन्नुहुन्छ ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*पवित्र आत्मा शिरमा हातहरू राखीकन दिइन्छ ।*





## प्रभुभोज

*प्रभुभोजले कृतज्ञताका साथ येशू ख्रीष्टको जीवन, सेवा र प्रायश्चित्तका बारेमा सम्झाउन सहयोग गर्छ ।*

तपाईंको बप्तिस्मा भइसकेपछि, तपाईंले हरेक हप्ता प्रभुभोज लिएर आफ्ना बप्तिस्माका करारहरूलाई नवीकरण गर्न सक्नुहुन्छ । प्रभुभोज भेलामा येशू ख्रीष्टको प्रायश्चित्तको सम्झनामा रोटी र पानीलाई आशीषित गरी सभालाई दिइन्छ । त्यस रोटीले उहाँको शरीरलाई सङ्केत गर्छ र त्यो पानीले उहाँको रगतलाई सङ्केत गर्छ । जब तपाईंले आफ्ना बप्तिस्माका करारहरूलाई नवीकरण गर्नहुन्छ, तपाईंलाई हर समय पवित्र आत्मा प्राप्त हुने वाचा गरिन्छ ।

रातो रङ्गमा रहेका शब्दहरू पेज १८ र १९ मा परिभाषित गरिएका छन् ।

*प्रभुभोजले हामीलाई येशू ख्रीष्टलाई सम्झना गर्न सहयोग गर्छ ।*

## अन्तिम समयसम्म आस्थावान्

तपाईं येशू ख्रीष्टप्रतिको आस्था, पश्चात्ताप, र बप्तिस्मा र प्रमाणीकरणद्वारा पछिल्ला दिनका सन्तहरूका येशू ख्रीष्टको चर्चको सदस्य बन्न सक्नुहुन्छ। तपाईं चर्चको सदस्य बनिसकेपछि तपाईंको बुझाइमा निरन्तर बृद्धि हुँदै जान्छ। तपाईंले निरन्तर रूपमा येशू ख्रीष्टमा आस्था राख्ने, पश्चात्ताप गर्ने, र तपाईंको बप्तिस्माका करारहरूलाई प्रभुभोज लिएर नवीकरण गर्दै जानुहुनेछ र पवित्र आत्माको निर्देशन पालना गर्नुहुनेछ। यी सुसमाचारका पहिला सिद्धान्तहरू र विधिहरू जिन्दगीभरि पालना गर्नुपर्ने नमुना हुन्। यो जीवनभरको प्रतिवद्धतालाई प्रायजसो "अन्तिम समयसम्म आस्थावान्" भनिन्छ।

अन्तिम समयसम्म आस्थावान् हुँदा यसले जीवनमा दिशा, शान्ति र खुशीयाली ल्याउँछ। तपाईंले आफ्ना आसमासका मानिसहरूलाई सेवा र सहयोग गर्दै तपाईंको येशू ख्रीष्ट जस्तै बन्ने प्रयासमा खुशी महसुस गर्नुहुनेछ। तपाईंले तपाईंको परमेश्वर पितासँगको तपाईंको सम्बन्धलाई अझै बुझ्नु हुनेछ र तपाईंप्रतिको उहाँको पूर्ण माया महसुस गर्नुहुनेछ।

येशू ख्रीष्टको सुसमाचार एक जीवन शैली हो ।

“आशाको पूर्ण प्रकाश र परमेश्वर र सबै मानिसप्रति माया राखी येशू ख्रीष्टमा दृढ हुँदै अगाडि बढ्नुपर्छ । पिताले यसो भन्नुहुन्छ: यदि तिमीले येशूका वचनको भोजन गर्दै अगाडि बढ्यौ र अन्तिम समयसम्म आस्थावान् रहयौ भने तिमीले अनन्त जीवन प्राप्त गर्नेछौ”।

२ **नफी** ३१:२०



## मैले कसरी थाहा पाउने ?

येशू ख्रीष्टको सुसमाचारलाई परमेश्वरबाट अगमवक्ता जोसेफ स्मिथ र अरू अगमवक्तामार्फत् दर्शनद्वारा पुनर्स्थापना गरिएको हो ।

यी कुराहरू सत्य हुन् कि होइनन् भन्ने थाहा पाउन तपाईंले परमेश्वरलाई प्र्थना गरी सोध्न सक्नुहुन्छ । उहाँले तपाईंलाई पवित्र आत्माद्वारा उत्तर दिनुहुनेछ, जसलाई परमेश्वरको आत्मा पनि भनिन्छ । पवित्र आत्माले परमेश्वर पिता र येशू ख्रीष्टका बारेमा साक्षी वा गवाही दिनुहुन्छ । पवित्र आत्माले भावना, विचार र प्रेरणाद्वारा सत्यको प्रमाणीकरण गर्नुहुन्छ । पवित्र आत्माबाट आउने भावनाहरू शक्तिशाली हुन्छन् तर तिनीहरू धेरैजसो नम्र र शान्त पनि हुन्छन् । बाइवलमा सिकाइए जस्तै, "आत्माको फल माया, खुसी, शान्ति, धैर्य, भद्रता, असलपना, आस्था, विनम्रता, र संयम हुन् ।" (गलाती ५:२२-२३)

यी भावनाहरू पवित्र आत्माबाट एउटा प्रमाण हो कि यो सन्देश सत्य हो । त्यसपछि तपाईंले छान्नुपर्छ कि तपाईं आगमवक्ता जोसेफ स्मिथद्वारा पुनर्स्थापना भएको येशू ख्रीष्टको सुसमाचारअनुसार जिउने कि नजिउने ।

*मैले कसरी प्रार्थना गर्ने?*

- *तपाईंका परमेश्वरलाई सम्बोधन गर्नुहोस् ।*
- *तपाईंका मनका भावनाहरू व्यक्त गर्नुहोस् (मरमनको पुस्तकको र धर्मप्रचारकरूले सिकाएका कुराहरुको सत्यता थाहा पाउन कृतज्ञता, सवालहरू, अनुरोधहरू) ।*
- *अन्त्य गर्नुहोस् ("येशू ख्रीष्टको नाममा,आमिन")।*

## शब्दहरूको सूची

**प्रायश्चित्त** त्यो घटना जसले हामीलाई परमेश्वरसँग पुनर्मिलन गराउँछ। प्रायश्चित्त गर्नु भनेको पापको सजाय भोग्नु हो, जसका कारण पश्चात्ताप गर्ने पापीहरूबाट पापको असर हटाइन्छ। सबै मानव जातिलाई निपुण भई प्रायश्चित्त गरिदिन सक्ने येशू ख्रीष्ट एक मात्र हुनुहुन्थ्यो। उहाँको प्रायश्चित्तमा उहाँले हाम्रा पापहरूका लागि सहेको कष्ट, उहाँको रगत बगाइएको र उहाँको मृत्यु र पुनरुत्थान पर्छन्। प्रायश्चित्तका कारण जीवन प्राप्त गरेका सबै पुनरुत्थान हुनेछन्। प्रायश्चित्तले हाम्रा पापहरूको क्षमा प्राप्त गर्न र परमेश्वरसँग अनन्तका लागि जिउने बाटो पनि उपलब्ध गराउँछ।

**बप्तिस्मा** पापहरूको क्षमा प्राप्त गर्ने एक आवश्यक कदम। पादरित्व अधिकारद्वारा बप्तिस्मा र प्रमाणीकरण गरी हामी पछिल्ला दिनका सन्तहरूका येशू ख्रीष्टको चर्चको सदस्य बन्छौँ। डुबुल्कीमारीकन बप्तिस्मा लिने व्यक्तिलाई एक्कैछिन पानीभित्र डुबाइन्छ। बप्तिस्माले ख्रीष्टको उदाहरण पालना गर्ने र परमेश्वरसँग करारहरू गर्ने हाम्रो इच्छालाई देखाउँछ।

**प्रमाणीकरण** यो तरिकाबाट एक व्यक्तिले पवित्र आत्मा प्राप्त गर्छ। यो विधि जुन प्रायःजसो बप्तिस्माको लगत्तै प्रभुभोज भेलामा हुन्छ, त्यस व्यक्तिलाई प्रमाणित गरिन्छ वा पछिल्ला दिनका सन्तहरूका येशू ख्रीष्टको चर्चको सदस्य बनाइन्छ।

**करार** परमेश्वर र उहाँका सन्तानहरू बीच एक सहमति। परमेश्वरले यो करारका सर्तहरू दिनुहुन्छ र हामी उहाँप्रति आज्ञाकारी हुन तयार हुन्छौँ। परमेश्वरले हाम्रा आज्ञाकारिताप्रति केही आशीषहरू प्रतिज्ञा गर्नुभएको छ।

**कृपा** येशू ख्रीष्टको दया र मायाद्वारा दिइएको दैवी सहयाता र शक्ति। उहाँको कृपाले सबै मानवजाति पुनरुत्कथान हुनेछन जसलाई उहाँको प्रायश्चत्तले सम्भव बनाएको छ। उहाँको कृपाद्वारा निरन्तर रुपमा पश्चात्ताप गर्ने र उहाँका सुसमाचार अनुसार जिउनेहरूले यो जीवनमा निरन्तररूमा परमेश्वर पिताको नजिक भएको महसुस गर्नेछन् र यो जीवनपछि उहाँको उपस्थितिमा बस्न पाउनेछन्।

**विधि** पादरित्व अधिकारबाट गराइने एक पवित्र औपचारिक कार्य। उदाहरणका लागि बप्तिस्मा, पवित्र आत्मा प्राप्त गर्ने र प्रभुभोज। विधिहरू प्रायजसो कराहरूमा बाँकधिने एक माध्यम हो।

**प्रभुभोज** एउटा विधि जसले चर्चका सदस्यहरूलाई येशू ख्रीष्टको प्राश्चित्तका बारेमा स्मरण गराउँछ। प्रभुभोज लिएर हामीले बप्तिस्माका बेला गरेका करारहरू पुनःनविकरण गर्छौं। रोटी र पानीलाई आशीषित गरीकन सभालाई दिइन्छ। रोटीले येशू ख्रीष्टको शरीरलाई प्रतिनिधित्व गर्छ र पानीले उहाँको रगतलाई प्रतिनिधित्व गर्छ। प्रभुभोज भन्ने एक आराधना सभामा यो विधि हरेक हप्ता हुन्छ।

**मुक्ति** पाप र मृत्युबाट छुटकारा। येशू ख्रीष्टको प्रायश्चित्तले मुक्तिलाई सम्भव बनाएको छ। येशू ख्रीष्टको पुनरुत्थानद्वारा सबैले मृत्युका असरहरूमाथि विजय पाउनेछन्। येशू ख्रीष्टप्रति आस्थाद्वारा हामीहरूले हाम्रा पापहरूका असरहरूमाथि पनि विजय पाउन सक्छौं। यो आस्थाले पश्चात्ताप गर्ने, नियम र विधिहरूप्रति आज्ञाकारी रहने अनि ख्रीष्टलाई सेवा गर्ने व्यक्तिको जीवनलाई र सङ्केत गर्छ।

## थप अध्ययन

निम्नलिखित प्रश्नहरू र धर्मशास्त्रहरूले यो पुस्तिकामा भएका सिद्धान्तहरू अझ बढी बुझ्न र मनन गर्न सहयोग गर्नेछ। यो सूची विस्तृत छैन; धर्मशास्त्रहरूमा आधा टिप्पणीहरूप्रति सङ्केतहरूले तपाईंलाई थप अनुच्छेदहरू र सामग्रीहरूमा सङ्केत गर्नेछ।

**येशू ख्रीष्टको सुसमाचार के हो ?**
३ नफी २७:१३-२२ (मरमनको पुस्तक, पृष्ठ ४५९-६०)

**आस्था हुनु भनेको के हो ?**
**आस्थाले कसरी तपाईंलाई शक्ति दिन्छ ?**
हिब्रु ११:१, ६ (बाइवल, नयाँ करार)
आल्मा ३२:२१, २६-२८ (मरमनको पुस्तक, पृष्ठ २८९-९०)
इथर १२:६ (मरमनको पुस्तक, पृष्ठ ५०९)

**पश्चात्ताप गर्नु भनेको के हो ?**
**किन सबैले पश्चात्ताप गर्नुपर्छ ?**
लुका १५:३-१० (बाइवल, नयाँ करार)
प्रेरित ३:१९ (बाइवल, नयाँ करार)
आल्मा १२:३३-३४ (मरमनको पुस्तक, पृष्ठ २४०)

**किन सबैले बप्तिस्मा गर्नुपर्छ ?**
प्रेरित २:३८ (बाइबल, नयाँ करार)
२ नफी ३१-३२ (मरमनको पुस्तक, पृष्ठ ११२-१६)

**पवित्र आत्मा के हो ?**
**पवित्र आत्माले कसरी तपाईंको जीवनलाई आशीषित गर्छ ?**
२ नफी ३२:५ (मरमनको पुस्तक, पृष्ठ ११५)
३ नफी २७:२० (मरमनको पुस्तक, पृष्ठ ४५९)

**प्रभुभोजको अर्थ के हो ?**
३ नफी १८:१-१२ (मरमनको पुस्तक, पृष्ठ ४४२)
मोरोनी ४-५ (मरमनको पुस्तक, पृष्ठ ५१९-२०)

**अन्त्यसम्म आस्थावान् रहनु भनेको के हो ?**
२ नफी ३१:१५-२० (मरमनको पुस्तक, पृष्ठ ११४)
३ नफी १५:९ (मरमनको पुस्तक, पृष्ठ ४३७)

# हामीसँग आराधना गर्नुहोस्

यो पुनर्स्थापित चर्चले तपाईंको जीवनलाई कसरी आशीषित गर्न सक्छ आएर हेर्नुहोस्



प्रभुभोज सभा मुख्य आराधना सभा हो । यो प्रायजसो एक घण्टाभन्दा अलिकति बढी हुन्छ र त्यसमा निम्नलिखित कुराहरू हुन्छन्:

*भजनहरू:* भेलाले गाउँछ । (भजन-पुस्तक उपलब्ध गराइन्छ)

*प्रार्थनाहरू:* स्थानीय चर्चका सदस्यहरूले गर्छन् ।

*प्रभुभोज:* येशू ख्रीष्टको प्रायश्चित्तको सम्झनामा रोटी र पानीलाई आशीषित गरी सभामा बाँडिन्छ ।

*वक्ताहरू:* प्राय:जसो सभाका एक वा दुई पूर्वनिर्धारित सदस्यहरूले सुसमाचारका विषयमा बोल्छन् ।

*लुगा:* पुरुष र केटाहरूले सामान्यतया शुट वा सर्ट र टाइसहित राम्रो पाइन्ट लगाउँछन् । महिला र केटीहरूले लामो लुगा वा स्कर्ट लगाउँछन् ।

आराधनाका सभाका बेला अनुदानहरू अनुरोध गरिँदैन ।

तपाइँको इच्छा र उमेरअनुसारले हामी तपाइँलाई थप सभाहरूमा सहभागी हुन निमन्त्रणा गर्दछौँ। यी सभाहरूका क्रम र उपलब्धतामा फरक हुन सक्छ।

*आइतबारे स्कुल:* सुसमाचारका धर्मशास्त्रहरू र सिद्धान्तहरू पढ्ने कक्षाहरू।

*पादरित्व सभाहरू:* पुरुषहरू र १२ वर्ष अनि त्योभन्दा माथिका केटाहरूका लागि कक्षाहरू।

*रिलिफ सोसाइटी:* १८ वर्ष र माथिका महिलाहरूका लागि कक्षाहरू।

*युवती महिलाहरू:* १२ देखि १८ वर्षका केटीहरूका लागि कक्षाहरू।


*प्राइमरी:* वर्ष ३ देखि ११ का बच्चाहरूका लागि समूहगत सभा र कक्षाहरू। १८ महिनादेखि ३ वर्षका बच्चाहरूका लागि पनि कहिलेकाहीँ नरसरी उपलब्ध हुन्छ।



प्रभुभोजको समय: ________________

चर्चको ठेगाना: ________________

# म के गरौं?




- मरमनको पुस्तक पढ्नुहोस्
  पढ्ने सुझावहरू: ____________________

  ____________________

- येशू खीष्ट तपाइँको मुक्तिदाता हुनुहुन्छ भन्ने थाहा पाउन प्रार्थना गर्नहोस् ।
- पश्चात्ताप गरी आफ्ना पापहरूको क्षमाका लागि प्रार्थना गर्नुहोस् । परमेश्वरका आज्ञाहरूअनुसार जिउन कोसिस गर्नुहोस् ।
- चर्चमा सहभागी हुनुहोस् ।
- __________ समयमा बप्तिस्मा लिने तयारी गर्नुहोस् ।
- पुनर्स्थापित येशू खीष्टको सुसमाचारलाई अझ बुझ्न www.mormon.org मा जानुहोस् ।
- परमेश्वरले हालका अगमवक्ताहरूद्वारा पुनर्स्थापना गर्नुभएका सत्यहरू अझ बुझ्न धर्मप्रचारकहरूसँग भेट गरिरहनुहोस् ।

  अर्को भेटको समय: ____________________

  धर्मप्रचारकहरूको नाम र फोन नम्बर:

  ____________________

  ____________________

  ____________________

  ____________________

THE CHURCH OF
JESUS CHRIST
OF LATTER-DAY SAINTS

**www.mormon.org.uk**

**तस्विरहरूका श्रेयहरू**
अगाडिको पाना: Living Water बाट वर्णन, साइमन डिवीद्वारा । © साइमन डिवी । नक्कल नगर्नुहोला ।
पृष्ठ २: The Sermon on the mount बाट वर्णन, कार्ल हिन्रिच ब्लोकद्वारा । हिलेरोदमा आवस्थित फेडरिकस्बोर्क, डेनमार्कको राष्ट्रिय ऐतिहासिक संग्रहालयको अनुमतिबाट प्रयोग भएको ।
पृष्ठ ५: Christ Raising the Daughter of Jairus, ग्रेक के. ओल्सनद्वारा । © ग्रेक के. ओल्सन
पृष्ठ ६: The Gentle Healer, ग्रेक के. ओल्सनद्वारा । © Conceptions Unlimited Investments, Inc. नक्कल नगर्नुहोला ।
पृष्ठ ९: John the Baptist Baptizing Jesus, ग्रेक के. ओल्सनद्वारा । © ग्रेक के. ओल्सन । नक्कल नगर्नुहोला
© 2005 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । यू.एस.ए. मा मुद्रित ।
अङ्ग्रेजी अनुमोदन: ११/०५ । अनुवाद अनुमोदन: ११/०५ । येशू खीष्टको सुसमाचारको अनुवाद । भाषा: Nepali . 12353 372

NEPALI
4 02123 53372 2
12353 372